घोडाघोडी नगरपालिका
फोन नं.०९१-४०३०६४
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :२०७८/०७९

मिति :- २०७८/०६/०७ गते

## माछा पालन तथा विक्रि वितरण कार्यका लागि सिलबन्दी दरभाउ पत्र अह्वान सम्बन्धमा सूचना ।
तेस्रो पटक प्रकाशित मिति २०७८/०६/०७

रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ४ अनुसार यस नगरपालिका क्षेत्र भित्र रहेका तपसिलका तालहरुमा माछा पालन तथा बिक्रि वितरण कार्यका लागि दरभाउ पत्र अह्वान गरी ४ बर्ष (२०७८ साल असोज महिना देखि २०८२ साल आषाढ मसान्त) का लागि ठेक्का लगाउनु पर्ने भएकोले रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ५ अनुसार दरभाउ पत्र अह्वान सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ । उक्त तालमा माछा पालन तथा बिक्रि वितरण कार्यका लागि ठेक्का लिन इच्छुक नेपाल सरकारबाट उक्त कार्यका लागि ईजाजत प्राप्त व्यक्ति, फर्म, वा कम्पनीबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ पत्र पेश गर्न यो ७ दिने सूचना तेस्रो पटक प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | कर दस्तुरको विवरण | ठेगाना | न्युनतम ठेक्का अंक | बोलपत्र दस्तुर | सूचनाको अवधि | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|
| SQ/GMUN/T/01/2078/079 | बरगडहुवा ताल | घो.न.पा. ७ | ८०,०००। | १०००। | ७ दिन | ४ बर्ष |

१. शिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ औ दिन (२०७८/०६/१३) सम्म कार्यालय समय भित्र घोडाघोडी नगर कार्यपालिकाको कार्यालय सुखडबाट फर्म दर्ता (नविकरण सहित) मु.अ.कर, स्थायी लेखा नम्बर (प्यान नं.) र आ.व. २०७७/२०७८ सम्मको कर चुक्ता भएको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राखी राजश्व दस्तुर वापत नगद रु १०००। (दस्तुर फिर्ता नहुने) बुझाई घोडाघोडी नगरकार्यपालिकाको कार्यालयको लेखा शाखाबाट दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको दरभाउ पत्र ७ औ दिन (२०७८/०६/१३) को १२ बजे भित्र नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र सोही दिनको २ बजे बाट दरभाउ पत्र खोलिनेछ ।

३. रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ११ अनुसार ठेक्का अवधि ४ बर्ष हुनेछ ।

४. दरभाउ पत्र दाताले खामको बाहिर पटी ठेक्का नं.ठेक्काको विवरण नाम प्रष्ट बुझिने गरी लेख्नु पर्ने छ ।

खगेन्द्र बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत

५. ठेक्का लिन चाहने इच्छुक व्यक्तिले आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बाफतको रकम यस घोडाघोडी नगर कार्यपालिकाको कार्यालयको नाममा कृषि विकास बैंक सुखड शाखामा रहेको धरौटी खाता नं.०८२२३००४१११५११९६ मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको १२० दिन म्याद भएको बिड बण्डको सक्कल प्रति शिलबन्दी दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ ।

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । यस कार्यालयमा दर्ता भएको दरभाउ पत्र फिर्ता हुने छैन ।

७. पेश भएका दरभाउ पत्र दर्ता भएको दिनको २ बजेबाट यस कार्यालयमा दरभाउ पत्र दता वा निजको प्रतिनिधी तथा कार्यालयका प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । सो समयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधीहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

८. दरभाउ पत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै नगर कार्यपालिकाको कार्यालय खुलेलेको दिन सोही समयनुसार हुनेछ ।

९. रित पुर्वक दाखिला भएका दरभाउ पत्रहरु मध्ये घटी वा बढी वालाको पत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना संसोधन गर्ने आदि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको दरभाउ पत्र स्वीकार्य हुने छैन ।

१०. ठेक्का कबोल गरेको रकम ठेक्का सम्झौत गर्ने ठेकेदारले प्रत्येक बर्षको चैत्र मसान्त भित्र आफुले कबोल गरेको अंकको रकमलाई ४ किस्ता मानी हुन आउने प्रत्येक बर्षको किस्ता एक मुष्ठ बुझाउनु पर्नेछ ।

११. ठेकेदारले नेपाल सरकार तथा नगर कार्यपालिकाको कार्यालयले समय समयमा दिइएको निर्देशन पालना गर्नु पर्नेछ । कार्यालय तथा ठेकेदार बिच कुनै बिबाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. प्रचलित नियमानुसार कालो सुचिमा परेका र नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यैता भएका फर्म तथा कम्पनिहरुको दरभाउ पत्र उपर कुनै कारबाही हुने छैन ।

१३.नगर कार्यपालिकाले तोकेको कर संक्लन गर्ने रसिदहरु ठेकेदारले आफनो तर्फबाट छपाई सो रसिदहरु कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नभएका रसिदबाट कर संकलन गर्न पाइने छैन ।

१४. सूचनामा उल्लेख हुन नसकेका अन्य कुराहरुको हकमा प्रचलित नियम कानुन अनुसार हुनेछ । ठेक्का सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकमहरु मध्ये कुनै किसिमको मिनहाको लागि दाबी गर्न पाइने छैन ।

१५. सूचनामा उल्लेखित भएको कुरा यसै अनुसार र नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. ठेकेदारले तालको प्राकृतिक आकृति तथा संरचना बिग्रिने गरी, जैविक विविधतामा असर पर्ने गरी र वन, जलचर ऐन तथा पर्यावरण सम्बन्धी ऐन नियमको विपरित हुने गरी कुनै कार्य गर्न पाइने छैन ।

१७. यस सूचनाका विषयमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र घोडाघोडी नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

खगेन्द्र बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

खगेन्द्र बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत